## वस्तुगत प्रश्नोत्तर

१. **जापानबाट प्रदान गरिएको द अर्डर अफ राइजिङ सन् २०२१ पदक पाउने नेपाली को हुन् ?**
✍ हिमालयशमशेर जबरा

२. **हाल नेपालको कुल वैदेशिक ऋण (आ.व. २०७७/७८ सम्म) मध्ये सबैभन्दा बढी कुन संस्थाको रहेको छ ?**
✍ विश्व बैङ्क (५४ प्रतिशत)
- विश्व बैङ्क ग्रुपअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संस्था (आईडीए)को मात्रै ५०.४४ प्रतिशत रहेको ।
- कुल वैदेशिक ऋणमा दोस्रो, तेस्रो र चौथो ऋणदाताका रूपमा क्रमशः एडीबी (३१.३६ प्रतिशत), जापान (४.४१ प्रतिशत) र आईएमएफ (३.५१ प्रतिशत) रहेको ।
- कुल वैदेशिक ऋणमा बहुपक्षीय दातृ निकायको हिस्सा ८७.८८ प्रतिशत रहेको । बाँकी १२.११ प्रतिशत दुईपक्षीय रहेको ।

३. **वर्ल्ड बुक अफ रेकर्डस्‌बाट सम्मानित हुने नेपाली को हुन् ?**
✍ अभिषेकविक्रम शाह (चन्द्रागिरि हिल्स लिमिटेडका महाप्रबन्धक)
- (बेलायतस्थित वर्ल्ड बुक अफ रेकर्डस्‌द्वारा हस्पिटालिटी र पर्यटन क्षेत्रमा पुऱ्याएको योगदानका लागि सो सम्मान प्रदान गरिएको ।)

४. **जलवायु परिवर्तनसँग सम्बन्धित विश्व सम्मेलन कोप–२६ कहिले र कहाँ सम्पन्न भयो ?**
✍ सन् २०२१ अक्टोबर ३१–नोभेम्बर १२, ग्लास्गो, स्कटल्यान्ड




- बेलायतको ग्लास्गो सहरमा आयोजित जलवायु परिवर्तनसम्बन्धी २६औँ अन्तर्राष्ट्रिय सम्मेलनसँगै नोभेम्बर १ र २ मा वर्ल्ड लिडर समिट आयोजना गरिएको ।
- कोप शिखर सम्मेलनमा जलवायुसम्बन्धी संयुक्त राष्ट्रसङ्घको फ्रेमवर्क सन्धिमा हस्ताक्षर गर्ने पक्ष राष्ट्रहरूले सहभागिता जनाएका ।
- सन् १९९४ मा भएको सन्धिको नेपाल पनि एक पक्ष राष्ट्रका रूपमा रहेको ।
- जलवायु परिवर्तनसम्बन्धी सम्मेलनको २५औँ संस्करण सन् २०१९ मा स्पेनमा सम्पन्न भएको ।

५. **जलवायु परिवर्तनसम्बन्धी सम्मेलन कोप–२६ मा नेपालले कहिलेसम्ममा कार्बन उत्सर्जन शून्यमा झार्ने प्रतिबद्धता व्यक्त गरेको छ ?**
✍ सन् २०४५

६. **सन् २०२१ मा ग्लास्गोमा सम्पन्न जलवायुसम्बन्धी शिखर सम्मेलनमा विश्वका नेताहरूले कहिलेसम्ममा वन फँडानी नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ?**
✍ सन् २०३० (सन् २०२१ नोभेम्बर २ मा यससम्बन्धी सम्झौतामा हस्ताक्षर भएको ।)


७. **मिस युनिभर्स नेपाल २०२१ को उपाधि जित्ने युवती को हुन् ?**
✍ सुजिता बस्नेत




- उनले १० लाख नगदसहित हीराजडित ताज पहिरिन सफल भएकी ।
- उपाधि विजेता बस्नेतले सन् २०२१ डिसेम्बर १२ मा इजरायलमा हुने मिस युनिभर्समा नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने ।
- प्रतियोगितामा निनाकान्ता मण्डल फस्ट रनर्सअप, रक्षा उप्रेती सेकेन्ड रनर्सअप, प्रतीक्षा महरा क्षेत्री थर्ड रनर्सअप र डा. केशु खड्का फोर्थ रनर्सअप घोषित भएका ।

८. **जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप–२६) मा भाग लिने सन्दर्भमा प्रधानमन्त्री शेरबहादुर देउवा कहिले लन्डन प्रस्थान गर्नुभएको थियो ?**
✍ वि.सं. २०७८ कात्तिक १२

९. **विश्वका आर्थिक रूपमा सम्पन्न २० ठूला देश सम्मिलित समूह जी–२० को सम्मेलन कहिले र कहाँ सम्पन्न भयो ?**
✍ सन् २०२१ अक्टोबर ३०–३१, रोम, इटाली




- सम्मेलनमा कोभिड–१९ महामारीले उत्पन्न गरेको परिस्थितिसँग मिलेर सामना गर्नका लागि लाग्ने प्रतिबद्धता व्यक्त गरिएको ।
- जी–२० राष्ट्रहरूले ऊर्जा मूल्यसम्बन्धी मुद्दामा उत्पादक र उपभोक्ता राज्यबीचको घनिष्ठ समन्वयमा सहमति जनाएका ।
- ग्यास र तेलको मूल्यमा भएको उल्लेखनीय वृद्धि र अस्थिरताले विश्वव्यापी वृद्धिलाई कमजोर बनाएको भन्दै उत्पादक र उपभोक्ता राज्यबीच समन्वयको आवश्यकतामा जोड दिइएको ।

१०. **नेपालले भारतीय ऊर्जा बजारमा प्रतिस्पर्धी दरमा विद्युत् बिक्री गर्ने अनुमति कहिले पाएको हो ?**
✍ वि.सं. २०७८ कात्तिक १५ (सन् २०२१ नोभेम्बर १)
- पहिलो चरणमा प्राधिकरणको स्वामित्वमा नुवाकोटमा सञ्चालनमा रहेको २४ मेगावाटको त्रिशूली र १५ मेगावाटको देवीघाट विद्युत् गृहबाट उत्पादित कुल ३९ मेगावाट विद्युत् इन्डियन इनर्जी एक्सचेन्ज (आईईएक्स)लाई बिक्री गर्न अनुमति दिइएको ।
- विद्युत् निर्यातको सुरुवात थोरै परिमाणबाट भए पनि चाँडै नै माथिल्लो तामाकोसीलगायतका अन्य आयोजनाको विद्युत् पनि भारतीय बजारमा निर्यात हुने विश्वास गरिएको ।
- प्राधिकरणले २०७८ कात्तिक १७ गतेबाट ढल्केबर–मुजफ्फरपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइनमार्फत विद्युत् निर्यात सुरु गरेको ।
- कात्तिक १७ देखि भारत निर्यात गर्न थालिएको विद्युत्‌को औसत मूल्य प्रतियुनिट नेपाली चार रुपियाँ ३३ पैसा रहेको ।
- प्राधिकरणको तर्फबाट एक्सचेन्ज बजारको सम्पूर्ण कारोबार नेपालसँगको विद्युत् व्यापारका लागि तोकिएको सम्पर्क निकाय एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन)ले गर्ने ।
- नेपालले भारतीय ऊर्जा एक्सचेन्ज (आईईएक्स)मा विद्युत् खरिद गरी आयात गर्न यसअघि नै अनुमति पाइसकेको । प्राधिकरणले २०७८ वैशाख १७ बाट आवश्यक परेका बेला आईईएक्समार्फत प्रतिस्पर्धी दरमा विद्युत् आयात गर्दै आएको ।
- निर्यातको अनुमति पाएसँगै नेपाल र भारतबीचको विद्युत् व्यापार नयाँ चरणमा प्रवेश गरेको ।
- भारतीय ऊर्जा बजारमा विद्युत् बिक्री र खरिदका लागि प्रवेश गर्ने नेपाल दक्षिण एसियाकै पहिलो मुलुक बनेको ।

११. **नेपालको गर्विलो इतिहास बोकेका हरिहरपुरगढी र सिन्धुलीगढी जोड्ने पदमार्गलाई के नामकरण गरिएको छ ?**
✍ एकीकरण पदमार्ग
- (दुई गढीलाई पदमार्गले जोड्ने योजना बनेपश्चात् ऐतिहासिक सम्पदाको संरक्षणसँगै पर्यटकीय गतिविधि बढ्ने भएको ।)

१२. **प्रथम राष्ट्रिय आर्थिक गणना, २०७५ को नतिजा कहिले सार्वजनिक गरिएको हो ?**
✍ वि.सं. २०७६ असार १६
- (सो गणनाको प्रारम्भिक प्रतिवेदन वि.सं. २०७५ भदौ २८ मा सार्वजनिक गरिएको थियो ।)

१३. **मुलुकी अपराध (संहिता) ऐन, २०७४ अनुसार गम्भीर कसुर भन्नाले के बुझिन्छ ?**
✍ तीन वर्षभन्दा बढी दस वर्षसम्म कैद सजाय हुने कसुर

१४. **मुलुकी अपराध (संहिता) ऐन, २०७४ अनुसार जघन्य कसुर भन्नाले के बुझिन्छ ?**
✍ जन्मकैद वा दस वर्षभन्दा बढी कैद सजाय हुने कसुर

१५. **नेपालका लियोनार्दो दा भिन्ची भनी अरनिकोलाई चिनिन्छ भने नेपालका माइकल एन्जेलो भनी कसलाई चिनिन्छ ?**
✍ वेखाराज

१६. **शिक्षा ऐन, २०२८ अनुसार सामुदायिक विद्यालय भन्नाले के बुझिन्छ ?**
✍ नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय
- सो ऐनअनुसार संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय बुझिने ।
- त्यस्तै विद्यालय शिक्षा भन्नाले आधारभूत र माध्यमिक शिक्षालाई बुझिने ।

१७. **आधारभूत तह (कक्षा १–८)को परीक्षा सञ्चालन, अनुगमन र व्यवस्थापनको जिम्मेवारी कसलाई प्रदान गरिएको छ ?**
✍ स्थानीय तह

१८. **नेपालको संविधानअनुसार माध्यमिक तहको विद्यालय व्यवस्थापन गर्ने एकल अधिकार कुन तहलाई दिइएको छ ?**
✍ स्थानीय तह

१९. **राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्रको स्थापना कहिले गरिएको हो ?**
✍ वि.सं. २०७६ असार १८
- (सो केन्द्रले संवेदनशील सूचना तथा सञ्चार पूर्वाधारमा हुन सक्ने सुरक्षा चुनौती तथा खतरासम्बन्धी सूचना, सरकारी वेबसाइट, वेब एप्लिकेसन तथा वेब सर्भिसेज माथि हुन सक्ने सुरक्षाको अनुगमन गरी पूर्वसूचना दिने काम गर्ने । साथै उक्त केन्द्रको स्थापनाले बढ्दै गइरहेको साइबर जोखिम नियन्त्रण हुने विश्वास गरिएको ।)

२०. **सरकारले भानुभक्त प्राणी उद्यानको निर्माण कहाँ गर्न थालेको हो ?**
✍ तनहुँ
- वि.सं. २०७३ फागुन ११ गतेको मन्त्रिपरिषद्‌को निर्णय र २०७४ वैशाख १८ गते राजपत्रमा प्रकाशित गरी राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको नाममा भानुभक्त प्राणी उद्यान निर्माण कार्य अघि बढाइएको ।
- व्यास नगरपालिका ११ र १२ तथा भानु नगरपालिकाका ५ र ६ वडालाई समेट्ने गरी उद्यान निर्माण गरिने ।
- उद्यानमा बालबालिकाको मनोरञ्जनात्मक चिल्ड्रेन पार्क, आन्तरिक एवं बाह्य पर्यटक प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण गरिने ।
- हात्ती, गैँडा, बाघ, भालु, जिराफजस्ता जनावर देश तथा विदेशबाट ल्याएर सो प्राणी उद्यानमा छोडिने बताइएको ।

२१. **उपत्यकाको चौडा सडकमा सवारीसाधनको गति मापनका लागि हालै प्रयोगमा ल्याइएको प्रविधि कुन हो ?**
✍ लेजर स्पिड गन
- लेजर स्पिड गन राडारभन्दा अत्याधुनिक रहेको बताइएको ।
- लेजर स्पिड गनबाट सवारीसाधनको गति नाप्ने कार्य २०७६ जेठ २० बाट सुरु गरिएको ।

२२. **संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसद्वारा 'एक्सन फर पिस किपिङ'को थालनी कहिलेदेखि भएको हो ?**
✍ सन् २०१८ मार्च २८

२३. **नेपालमा पुतलीविज्ञ भनी कसलाई चिनिन्छ ?**
✍ प्रा.डा. भैया खनाल
- खनालले बेलायती पुतलीविज्ञ कलिन पी स्मिथसँगको सहकार्यमा 'बटरफ्लाइज अफ काठमाडौँ भ्याली' नामक पुस्तक लेखेका ।
- उनले राष्ट्रिय, अन्तर्राष्ट्रिय म्यागेजिन र पत्रपत्रिकामा पुतलीका बारेमा १५० भन्दा बढी लेख तथा अनुसन्धान रिपोर्ट प्रकाशित गरेका ।
- पुतलीका बारेमा अध्ययन गर्ने सिलसिलामा देशका अधिकांश जिल्ला पुगेका खनाल यो क्षेत्रमा करिब चार दशकदेखि सरिक हुँदै आएका ।

२४. **राणाकालीन समयमा निजामतीतर्फ सबैभन्दा उच्च पद कुन थियो ?**
✍ बडाकाजी
- (राणाकालीन समयमा दर्ज्यानी क्रममा माथिबाट तल क्रमशः बडाकाजी, काजी, सरदार, मिरसुब्बा, सुब्बा, नायबसुब्बा, खरिदार, डिट्ठा, मुखिया, बहिदार र नौसिन्दा रहेका ।)

**प्रस्तुतकर्ता : टङ्क के.सी.**

## विषयगत प्रश्नोत्तर

# सार्वजनिक सुनुवाइको महत्त्व

१. **के कस्ता सर्त तथा सुविधा पूरा गरेको आधारमा महानगरपालिका घोषणा गर्न सकिने व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**
✍ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नेपाल सरकारले सम्बन्धित स्थानीय तह र प्रदेश सरकारसँग परामर्श गरी देहायका सर्त तथा सुविधा पूरा गरेको आधारमा महानगरपालिका घोषणा गर्न सक्ने व्यवस्था छ :
- कम्तीमा पाँच लाख स्थायी बासिन्दा भएको,
- पछिल्लो पाँच वर्षको औसत वार्षिक आन्तरिक आय कम्तीमा एक अर्ब रुपियाँ भएको,
- टर्मिनलसहितको बसपार्क, पार्किङका लागि पर्याप्त सुविधा, सब वे तथा सडक पेटी भएको,
- सहरी परिवहनको सुविधा तथा अपाङ्गतामैत्री सार्वजनिक सवारी सुविधा भएको,
- कुल सडक लम्बाइको कम्तीमा ७५ प्रतिशत सडकहरू पक्की भएको,
- स्नातकोत्तर तहसम्मको अध्ययन संस्था भएको,
- विशेषज्ञ सेवासहितको अस्पताल, एक सय शय्याको कम्तीमा एक साधारण अस्पतालसहित कम्तीमा पाँच सय शय्याको अस्पताल सुविधा भएको,
- व्यवस्थित तरकारी तथा फलफूल बिक्री केन्द्र भएको,
- सपिङ मलहरू भएको,
- अन्तर्राष्ट्रियस्तरको खेलकुद सञ्चालन गर्न उपयुक्त रङ्गशाला भएको,
- अन्तर्राष्ट्रियस्तरको विमानस्थलसँगको आवागमनमा सहज पहुँच भएको,
- अन्तर्राष्ट्रियस्तरको सभाहल तथा अन्तर्राष्ट्रियस्तरको व्यापारिक प्रदर्शनी स्थलको व्यवस्था भएको,
- सङ्ग्रहालय भएको,
- प्राविधिक शिक्षालय भएको,
- अन्तर्राष्ट्रियस्तरको होटल सुविधा भएको,
- आफ्ना क्षेत्रभित्र रहेका विशेष महत्त्वका सम्पदाको संरक्षण भएको,
- पर्याप्त मनोरञ्जनस्थल भएको,
- बालउद्यान र ज्येष्ठ नागरिक मनोरञ्जनस्थल भएको,
- नाचघर तथा सिर्जना ग्यालरीहरू भएको,
- सहरी हरियाली तथा सौन्दर्य भएको,
- तोकिएबमोजिमका अन्य सहरी सुविधा भएको ।

२. **विकासका लागि लोकतान्त्रिक मूल्य र मान्यताको आवश्यकताबारे चर्चा गर्नुहोस् ।**
✍ शासन व्यवस्थामा लोकतान्त्रिक मूल्य र मान्यताको प्रयोगले आवधिक निर्वाचन हुने, जनताको ताजा मतादेशअनुसार शासन सञ्चालन हुने, सत्तापक्ष र प्रतिपक्षको व्यवस्थाले सरकारका कामकारबाहीमा पारदर्शिता बढ्ने हुन्छ । यसबाट जनताको मागअनुरूप विकासनिर्माण हुने, विकास कार्यमा जिम्मेवारी, जवाफदेहिता तथा समयमै गुणस्तरयुक्त काम हुन जान्छ । त्यसैले विकासका लागि लोकतान्त्रिक मूल्य र मान्यताको आवश्यकता पर्दछ । विकासमा यसको अरू आवश्यकतालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- सार्वभौम जनताको भावनाअनुसार विकास निर्माणका कार्य गर्न,
- जनताबाट बहुमतप्राप्त दलले सरकार सञ्चालन गरी जनताको भावनाअनुसारका विकास निर्माणका योजना कार्यान्वयन गर्न,
- दलीय स्वतन्त्रता हुने, आवधिक निर्वाचनमा जनताबाट मत प्राप्त गर्न दलहरूबाट सकारात्मक कार्य हुने,
- शासन सञ्चालनमा सहभागिता बढ्ने, विधिको शासन कायम हुने,
- सरकार आफैँ जनमुखी हुने, सरकार जनमुखी हुन नसकेमा प्रतिपक्षी दल र जनताले सरकारलाई सजग एवं सतर्क गराउन सक्ने,
- सरकार स्थिर हुने, सरकारले पूर्णकालसम्म काम गर्न पाउने, यसबाट विकासले गति लिने,
- भ्रष्टाचार नियन्त्रण भई मुलुकमा सुशासन कायम हुन सहयोग पुग्ने, त्यसैले यसको आवश्यकता पर्ने ।

३. **सार्वजनिक सुनुवाइ भनेको के हो ? सुशासन कायम गर्न यसको महत्त्वबारे चर्चा गर्नुहोस् ।**
✍ सरकारले सार्वजनिक सेवाको रूपमा सर्वसाधारण नागरिकलाई वस्तु तथा सेवा सुविधा उपलब्ध गराउँछ । यही सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, पारदर्शी एवं सहज बनाउन सरकारी निकायका पदाधिकारी र सरोकारवाला सेवाग्राहीबीच छलफल गर्ने एवं सेवाग्राहीसँग विचार आदान प्रदान गर्ने कार्यलाई सार्वजनिक सुनुवाइ भनिन्छ । यो सेवाप्रदायक र सेवाग्राहीबीच हुने एक औपचारिक भेटघाट कार्यक्रम पनि हो । यस्तो कार्यक्रम सेवाग्राहीलाई अग्रिम सूचना गरी तोकिएको मिति, स्थान र समयमा हुने गर्छ ।

- **सुशासन कायम गर्न यसको महत्त्व**
- सार्वजनिक निकायद्वारा प्रदान गरिएका सेवा सुविधा एवं कार्यहरूका सम्बन्धमा व्यापक छलफल गरी देखिएका कमीकमजोरी हटाई सुशासन कायम गरी सेवा प्रवाहमा सुधार ल्याउन यसले सहयोग गर्छ । यो नै यसको सर्वोपरि महत्त्व हो । यसका अरू थप महत्त्वलाई निम्न बुँदामा चर्चा गर्न सकिन्छ :
- कार्यालयका कामकारबाहीबारे सेवाग्राहीलाई जानकारी हुने,
- कार्यालयका कामकारबाहीबारे छलफल हुने,
- कार्यालयका सबल एवं कमजोर पक्ष पत्ता लगाउन सकिने र सोहीअनुसारका सल्लाह सुझाव प्राप्त हुने,
- सरकारी निकायका कामकारबाहीलाई जनमुखी, पारदर्शी एवं कानुनसम्मत बनाउन सहयोग पुग्ने,
- जनगुनासो सम्बोधन गर्न सकिने हुँदा सेवाग्राहीसँग असल सम्बन्ध बढ्ने, समन्वय तथा सञ्चार पक्ष बलियो हुने,
- सार्वजनिक विकास निर्माण एवं सरसफाइका कार्यमा जनताको सहभागिता जुटाउन सहयोग पुग्ने,
- सार्वजनिक निकायका पदाधिकारीहरूमा जिम्मेवारी एवं जबाफदेही बढ्ने,
- सार्वजनिक सेवा प्रवाहमा लाग्ने समय र लागत कम गर्न तथा गुणस्तर बढाउन सहयोग पुग्ने,
- मुलुकमा सुशासन प्रवर्द्धन भई सरकारप्रति नागरिकको विश्वास बढ्दै जाने ।

४. **नेपालमा खेतीयोग्य जमिनको उत्पादकत्व घट्नुका कारण उल्लेख गर्नुहोस् ।**
✍ कृषि नेपाली अर्थतन्त्रको आधारशीला हो । कृषि नेपाली जनताको जीविकोपार्जनको प्रमुख स्रोत हो । नेपालका करिब ७५ प्रतिशत जनता कृषिमा आश्रित छन् । कुल गार्हस्थ्य उत्पादनमा कृषिले करिब ३३ प्रतिशत हिस्सा ओगटेको छ । अर्थतन्त्रमा कृषिको उल्लेखनीय भूमिका छ र पनि भौगोलिक विकटता, बसाइँसराइ, बढ्दो सहरीकरण आदिले एकातर्फ खेतीयोग्य जमिन घटेको छ भने अर्कोतर्फ भएको खेतीयोग्य जमिनको उत्पादकत्वसमेत घटिरहेको अवस्था छ । यसरी खेतीयोग्य जमिनको उत्पदकत्व घट्नुका कारण निम्न छन् :
- कृषकमा खेती गर्ने उन्नत तरिकाको ज्ञान नहुनु,
- खेतीयोग्य जमिनमा सिँचाइ सुविधा नहुनु,
- उन्नत बीउबिजन एवं रासायनिक मलको अभाव हुनु,
- खेतीयोग्य जमिनको पूर्ण उपयोग नहुनु,
- कृषि सडक सञ्जालको विकास नहुनु,
- कृषिमा व्यावसायीकरण हुन नसक्नु,
- व्यावसायिक कृषि विकासका लागि निजी क्षेत्रको लगानी आकर्षित नहुनु,
- दीर्घकालीन कृषि योजनाले अपेक्षा गरेअनुसार कृषि क्षेत्रमा लगानी बढ्न नसक्नु ।

५. **वातावरण प्रदूषण कम गर्न अपनाउनुपर्ने उपायहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ वातावरण प्रदूषण कम गर्न अपनाउनुपर्ने उपाय निम्नअनुसार छन् :
- उद्योग, कलकारखाना, यातायात तथा मानवीय क्रियाकलापहरूबाट हुने उत्सर्जनलाई न्यून गर्ने,
- गरिबी र अन्य कारणबाट हुने वन विनाशलाई रोक्ने,
- मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई वातावरणमैत्री बनाउने,
- वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्ने,
- प्रदूषण मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने,
- वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूको कार्यान्वयन गर्ने,
- हरित अर्थतन्त्रको अवधारणा अवलम्बन गर्ने,
- न्यून कार्बन उत्सर्जन विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने,
- वातावरण संरक्षण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने,
- फोहोरमैलाको उचित व्यवस्थापन गर्ने,
- व्यवस्थित सहरीकरण तथा उचित बसोबासको व्यवस्था गर्ने,
- वातावरणीय अनुगमन, निरीक्षण र प्रतिवेदन कार्यलाई प्रभावकारी बनाई वातावरणीय सुशासन कायम गर्ने, यस कार्यका लागि वातावरण विभागलाई थप क्रियाशील बनाउने ।

६. **नागरिक समाजका दायित्व के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ सरकारभन्दा बाहिर रहने गैरराजनीतिक, गैरमुनाफामुखी स्वयंसेवी संस्था नागरिक समाज हो । सरकारको नागरिकप्रति जुन दायित्व रहन्छ, त्यस्तै दायित्व नागरिक समाजको नहुन सक्दछ किनकि नागरिक समाज सरकारमा नरहने संस्था हो तर पनि मुलुकको हितका लागि नागरिक समाजको निश्चित दायित्व हुने गर्छ । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- नागरिकका हकअधिकार सुनिश्चित गर्ने,
- लोकतान्त्रिक पद्धतिको विकासमा आवश्यक भूमिका निर्वाह गर्ने,
- सरकारलाई जनताप्रति उत्तरदायी बनाउने,
- व्यक्तिगत, संस्थागत एवं दलगत स्वार्थभन्दा माथि उठेर विशेषगरी पिछडिएको वर्ग, क्षेत्र, लिङ्गबारे बुलन्द आवाज उठाउने,
- राजनीतिक हस्तक्षेपमा नपरी भ्रष्टाचार गर्नेलाई सामाजिक बहिष्कार गर्ने,
- सहर केन्द्रित मात्र नभएर ग्रामीण केन्द्रितसमेत भई सशक्त रूपमा देश विकासमा सहयोग गर्ने,
- सरकारलाई जनताको अवस्था र जनतालाई सरकारको गतिविधिका बारेमा जानकारी दिने सूचना केन्द्रका रूपमा कार्य गर्ने,
- मुलुकमा आर्थिक अनुशासन, शान्ति सुरक्षा, कानुनको पालना, सुशासन कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने,
- राजनीतिबाट सदैव अलग र तटस्थ रहेर निष्पक्ष रूपमा जनहितका कार्य गर्ने,

७. **आन्तरिक पदपूर्तिका सबल र कमजोर पक्षहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ सेवाभित्रका कर्मचारीको बढुवा गरेर रिक्त पदको पूर्ति गर्ने कार्य आन्तरिक पदपूर्ति हो । सेवाभित्रका कर्मचारीको बढुवा गर्दा कार्य सम्पादन मूल्याङ्कन, ज्येष्ठता, तालिम, शैक्षिक योग्यता, नेतृत्व क्षमता आदिलाई आधार मानेर बढुवा गर्ने गरिन्छ । यसका सबल र कमजोर पक्षहरू निम्न छन् :

- **सबल पक्षहरू**
- सेवाभित्रका कर्मचारीको बढुवा हुने भएकाले कर्मचारी कामप्रति बढी जिम्मेवार हुने,
- सेवाभित्रका कर्मचारी बढुवा हुने भएकाले तालिम दिनु नपर्ने,
- अनुभवी र सेवामा दक्षताप्राप्त कर्मचारीको बढुवा हुने,
- पदपूर्ति प्रक्रिया सरल, छिटोछरितो एवं कम खर्चिलो हुने,
- सेवाभित्रका अनुभवी र दक्ष कर्मचारीले सेवाबाट बाहिरिने सम्भावना कम हुने,
- सेवाभित्रका कर्मचारीलाई वृत्ति विकासको पर्याप्त अवसर प्राप्त हुने ।

- **कमजोर पक्षहरू**
- नयाँ र सक्षम व्यक्तिले अवसर कम पाउने,
- क्षमतालाई भन्दा अनुभवलाई बढी जोड दिने,
- सेवामा नयाँ संस्कार र संस्कृति प्रवेश गराउन नसकिने,
- पुराना, उत्साह र जाँगर नभएका कर्मचारीले बढी मौका प्राप्त गर्ने,
- समान अवसरको सिद्धान्त प्रतिकूल हुने,
- परम्परागत मान्यता राख्ने ।

८. **सम्पत्ति शुद्धीकरण निवारण गर्ने उपायहरू के के हुन् ? चर्चा गर्नुहोस् ।**
✍ गैरकानुनी कार्य एवं अपराधजन्य कार्य जस्तै : भ्रष्टाचार, कर छली, आतङ्ककारी गतिविधि, लागूऔषध कारोबार, मानव तस्करी, फिरौती आदिजस्ता कार्यबाट प्राप्त रकमलाई कानुनी रूपमा आर्जन भएको देखाउने कार्य सम्पत्ति शुद्धीकरण हो । यो अवैध मुद्रा निर्मलीकरण वा शुद्धीकरण गर्ने कार्य हो । यो आर्थिक एवं सामाजिक अपराध हो । त्यसैले यसको निवारण गर्नुपर्छ, रोक्नुपर्छ । नेपालमा यसलाई रोक्न कानुनी र संस्थागत व्यवस्था गरिएको छ । सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र नियमावली, २०७३ लागू छ । सम्पत्ति शुद्धीकरण निवारणमा अन्तरनिकाय समन्वय कायम गर्न र सरकारलाई आवश्यक सुझाव दिन अर्थसचिवको संयोजकत्वमा एक समन्वय समितिको गठन गरिएको छ । त्यसैगरी सम्पत्ति शुद्धीकरणसम्बन्धी सूचना सङ्कलन तथा विश्लेषण गर्न नेपाल राष्ट्र बैङ्कमा एउटा वित्तीय जानकारी एकाइको व्यवस्था छ । सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धान तथा तहकिकात गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना गरिएको छ । सम्पत्ति शुद्धीकरणले मुलुकको सामाजिक, आर्थिक एवं कानुनी पक्षमा नकारात्मक असर पार्ने, बैङ्क तथा वित्तीय संस्थाहरू धराशयी हुने हुँदा यसको प्रभावकारी निवारण हुनु आवश्यक छ । यसका लागि निम्न उपाय अवलम्बन गर्नुपर्छ :

- **प्रवर्द्धनात्मक उपायहरू**
- रेडियो, टीभी, पत्रपत्रिकाजस्ता सञ्चारमाध्यमबाट सम्पत्ति शुद्धीकरण, यसको क्षेत्र, यसको नकारात्मक प्रभाव तथा यसको निवारण सम्बन्धमा व्यापक प्रचारप्रसार गर्ने, जनचेतना अभिवृद्धि गर्ने,
- सार्वजनिक स्थलमा यसबारेमा होर्डिङ बोर्ड राख्ने,
- विद्यालय तथा क्याम्पसको पाठ्यक्रममा सम्पत्ति शुद्धीकरण समावेश गरी पठनपाठनको व्यवस्था गर्ने,
- राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनारको आयोजना गर्ने,

- **रोकथामका उपायहरू**
- सीमा सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाई सिमानामा हुने तस्करी नियन्त्रण गर्ने,
- भ्रष्टाचार हुने क्षेत्रमा निगरानी बढाउने,
- बैङ्क तथा वित्तीय कारोबारमा नियमित निगरानी गर्ने,
- अन्तरनिकाय समन्वय तथा सहयोग आदान–प्रदान गर्ने,
- सूचना संयन्त्र प्रणालीको विकास गर्ने,
- दक्ष मानव संसाधनको व्यवस्था गर्ने,
- घरजग्गा कारोबारको अवस्थाबारे नियमित सूचना सङ्कलन गर्ने, वास्तविक कारोबार पत्ता लगाउने,
- ऐन, नियममा समसामयिक सुधार गरी कार्यान्वयनका लागि उपयुक्त सङ्गठन संरचना निर्माण गर्ने,

- **उपचारात्मक उपायहरू**
- अपराधजन्य कार्यमा राजनीतिक तथा प्रशासनिक संरक्षणको अन्त्य गरी अवैध कार्य गर्ने सबै व्यक्तिलाई कानुनअनुसार दण्ड सजाय गर्ने,
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको संस्थागत क्षमता अभिवृद्धि गर्ने,
- अपराध अनुसन्धान कार्यमा संलग्न निकायबीच कार्यगत समन्वय तथा सहयोग बढाउने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL